# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।१०।२५

## प्रेस विज्ञप्ति

पत्रकार कुमार खड्कालाई स्थानीय व्यक्तिले कुटपिट गरी घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ । महासंघ पाँचथर शाखाका कार्यसमिति सदस्यसमेत रहेका घाइते खड्काको झापास्थित विएण्डसी अस्पतालमा उपचार भई रहेको छ ।

महासंघ पाँचथर शाखाका अनुसार यही माघ २३ गते बुधबार बेलुकी ८:०० बजे पाँचथरस्थित कुम्मायक गाउँपालिका-१ यासोक बजारमा फोहोरमैला व्यवस्थापनका विषयमा भएको विवाद समाधानका लागि मध्यस्थता गर्ने क्रममा स्थानीय महेन्द्रबहादुर लावती र उनको छोरा चेतन लावतीले पत्रकार खड्कामाथि निर्घात कुटपिट गरेका हुन् ।

पत्रकारमाथि आक्रमण हुनु अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रताविरोधी कार्य हो । महासंघ यस घटनाको छानबिन गरी दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन र पत्रकारलाइ सुरक्षित रुपमा काम गर्ने वातावरण बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

साथै, घाइते पत्रकारको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै नि:शुल्क उपचारको व्यवस्था मिलाउन महासंघ माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव